# नेपाल राजपत्र

## भाग १


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, असोज १४ गते २०३८ साल (अतिरिक्ताङ्क ३४


# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट यही २०३८ साल असोज १३ गते भएको अतिवृष्टिबाट पीडित जनताका नाममा असोज १४ गते बक्सेको समवेदना सन्देश ।

प्यारा देशवासीहरू,

लुम्बिनी अञ्चल रूपन्देही जिल्लाको बुटवलका साथै देशका विभिन्न भागका गाउँ बस्तीहरूमा हिजो भीषण वर्षा भई आएको बाढी पहिरोले निक्कै धनजनको क्षति भएको कुरा सुनेर बडामहारानीका साथै हामीलाई दुःख लागेको छ । कैयौं ठाउँका पाखा पखेराहरूमा भएको क्षतिको विवरण प्राप्त हुन अझै बाँकी नै छ तापनि हाम्रो महान चाड बडा दशैंको मुखमा यस प्रकारको दैवी प्रकोप पुर्न जानु हाम्रा प्यारा देशवासीका निम्ति अवश्य नै चिन्ताको विषय बनेको छ । यस अप्रत्याशित सामूहिक विपत्तिमा शोक सन्तप्त

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

सबैमा हाम्रो हार्दिक सहानुभूति र समवेदना व्यक्त गर्छौं । आपत् विपद्मा परेका सबैलाई

यथाशक्य मद्दत र आवश्यक सहायता पुऱ्याउन हामीले हाम्रो सरकारलाई निर्देशन दिएका छौं। साथै यस दुःखको घडीमा पञ्च, सामाजिक कार्यकर्ता, शाही नेपाली सेना, नेपाल प्रहरी, कर्मचारीवर्ग, शिक्षक तथा छात्र-छात्राहरू सबैले मिली विपद्मा परेकाहरूको उद्धार गर्नु सबैको कर्तव्य हो भन्ने सम्झी सेवाको काममा संलग्न हुनेछन् भन्ने हामीले आशा राखेका छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकारको छापाखानामा, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

४८४